# जयपृथ्वी नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः १ संख्याः ५ मितिः२०७४-०६-१५**

## भागः १

## जयपृथ्वी नगरपालिका

## स्थानीय तहको विनियोजन ऐन

**जयपृथ्वी नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थ ागर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७५/०३/१४ गते

**प्रस्तावनाः** जयपृथ्वी नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम जयपृथ्वी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्तनामर प्रारम्भः (१)**यस ऐनको नाम " जयपृथ्वी नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१)आर्थिकवर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगतशाखालेगर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ मा उल्लिखित चालू वित्तिय खर्च र पूँजिगत वित्तिय खर्च रकम समेत गरी जम्मा रकम रु.

४७,१४,७१,५००। (अक्षेरुपी सतचालिस करोड चौध लाख एकहत्तर हजार पाँच सय रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त जयपृथ्वी नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशत मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम

| **क.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु वित्तिय खर्च** | **पूँजिगत वित्तिय खर्च** | **राजश्व वाडफड चालु खर्च** | **राजश्व वाडफड पूजिगत खर्च** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** |
| १ | | संघ तथा प्रदेश सरकारबाट समेत | ० | १३६६०५ | ५१८५० | १५६८८ | २०४१४३ |
| २ | | बिषयगत शाखा | सशर्त चालु | सशर्त पूजिगत | | | |
| | | | १४६६०९ | ६४५९१ | ० | ० | २११२०० |
| ३ | | आन्तरिक स्रोत | आन्तरिक स्रोत चालु | आन्तरिक स्रोत पूजिगत | राजश्व वाडफड चालु खर्च | राजश्व वाडफड | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | पूजिगत खर्च | |
| | | | २७४५ | २८७० | ० | ० | ५६१५ |
| ४ | | अन्य अनुदान | अन्य अनुदान | अन्य अनुदान | राजश्व वाडफड चालु खर्च | राजश्व वाडफड पूजिगत खच | |
| | | | ४७०१३ | ३५०० | ० | ० | ५०५१३ |
| | | जम्मा | | | | | ४७१४७१ |

संञ्चितकोषबाट विनियोजन हुने रकम (रु.हजारमा)

आज्ञाले
अम्मरराज खत्री
प्रमुख प्रशासकीय अधिकृत

जयपृथ्वी राजपत्र